## १. Local Infrastructure Support Program (LISP) परिचयः

स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) कर्णालीी प्रदेशका १५ पालिकमा जुलाई २०२२ देखि जुलाई २०२३ सम्म परीक्षणका रुपमा लागु भएको छ । यस कार्यक्रमलाई आर्थिक सहयोग British Embassay Kathmandu (BEK) ले गरेको छ भने World Food Program (WFP) ले नेतृत्व गरेको छ भने UNDP पनि एक महत्वपूर्ण साझेदारका रुपमा रहेको छ। यस परियोजना अर्न्तगत हुने कार्यक्रममा स्थानीय सरकार तथा दाताको संयुक्त लगानी रहनेछ। यस कार्यक्रमको प्रमुख उद्देश्य भनेको स्थानीय सरकारसँग साझेदारी गरेर स्थानीय पूर्वाधारको विकास गर्नुका साथै स्थानीय सरकारको क्षमता अभिवृद्धि गर्नु रहेको छ ।

परियोजना अर्न्तगत भौतिक पूर्वाधारका कार्यक्रम हेर्न WFP वाट एक जना दक्ष इन्जिनियर तथा UNDP वाट पालिकको क्षमता अभिवृद्धि, सुशासन, योजना निर्माण, नीति, नियम,ऐन कानुन निर्माणमा सहजीकरण गर्न एक जना योजना तथा क्षमता विकास सल्लाहकार गरि जम्मा २ जना कर्मचारी पालिकामा रहने व्यवस्था गरिएको छ ।

यस परियोजनाम मिश्रीत मोडेल (उपभोक्ता समिति, ठेक्का) अपनाई योजना प्रभावकारी रुमपा कार्यान्वयन गरिनुका साथै LISP कार्यक्रमका योजनामा मात्र सिमित नभई पालिका अन्य योजनामा पनि प्राविधिक सहयोग गर्ने लक्ष्य रहेको छ । कार्यक्रम परीक्षणका रुपमा रहेकाले यहाँको अनुभव तथा सिकाईवाट पूर्णकालीन कार्यक्रमको खाका कोरि लुम्विनी र कर्णाली प्रदेशका अन्य पालिकामा पनि विस्तार गरिने योजना छ ।

**२. परियोजनाको उद्देश्यः**

- स्थानीय सरकारको भौतिक पूर्वाधार निर्माणमा सहयोगी भूमिका निर्वाह गर्ने ।
- स्थानीय स्तरमा हरित, जलवायु मैत्रि, दिगो योजना कार्यान्वयन तथा श्रममा आधारित रोजगारी सृजना गर्ने ।
- स्थानीय सरकारको नीति तथा योजना निर्माण,सेवा प्रवाह, सुशासन तथा क्षमता अभिवृद्धि गर्ने ।

**३. दार्मा गाउँपलिका कार्यान्वयन हुने योजनाको विवरणः**

| क्र.स | योजनाको नाम | वडा नं | रकम | | |
|---|---|---|---|---|---|
| | | | पालिका | LISP | जम्मा |
| १ | मौलेखाली मैदान सडक स्तरोन्नति | १ | ९,००,००० | ३५,००,००० | ४४,००,००० |
| २ | झ्यारीवाङ सिंचाई आयोजना | २ | ८,००,००० | ३०,०६,२४० | ३८,०६,२४० |
| ३ | कमलपोखरी खानेपानी लिफ्ट आयोजना | ४ | २६,७४,९९९ | ३६,००,००० | ६२,७४,९९९ |
| ४ | अँधेरीखोला सडक स्तरोन्नति आयोजना | ५ | ९,००,००० | १०,००,००० | १९,००,००० |
| ५ | सेताढाँर फारुला सडक स्तरोन्नति आयोजना | ४ र ६ | १८,००,००० | ३७,००,००० | ५५,००,००० |
| | **जम्मा** | | **७०,७४,९९९/-** | **१,४८,०६,२४० /-** | **२,१८,८१,२३९/-** |